# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

**कानुन महाशाखा Legal Affairs Division**

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## विशेषज्ञ सेवाको लागि आवेदन गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७५ मंसीर २०**

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुरबाट तपसिलमा उल्लेख भएबमोजिमका शर्त बन्देजको अधिनमा रही **"आर्थिक, सामाजिक तथा साँस्कृतिकरुपमा पिछडिएका वर्गको शिक्षाको अधिकारसँग सम्बन्धित कानूनहरूको पुनरावलोकन"** सम्पन्न गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । अतः उल्लिखित विषयमा कानुन पुनरावलोकन गर्न इच्छुक र योग्य विशेषज्ञहरूले यो सूचना प्रकाशित भएको मितिले सातदिन भित्र आयोगको tikaram.pokharel@nhrcnepal.org र shyam.kafle@nhrcnepal.org मा वा आयोगको प्रशासन महाशाखामा उपस्थित भई सूचना प्रकाशित भएको सातौं दिनको ४ बजेभित्र आवेदन गर्न हुन सूचित गरिन्छ ।

**शर्त बन्देजहरू**

१. आवेदन गर्न इच्छुक व्यक्तिले आफ्नो Bio-data सहितको आवेदन माथि उल्लिखित इमेल ठेगानामा पठाउनु पर्नेछ ।

२. विशेषज्ञले प्रस्तुत गर्ने पुनरावलोकन मस्यौदामा निम्न विषयहरु समावेश भएको हुनु पर्नेछ :–

- आर्थिक, सामाजिक तथा साँस्कृतिकरुपमा पिछडिएका वर्गको शिक्षाका अधिकारसँग सम्बन्धित प्रचलित नेपाल कानूनहरू र अन्तराष्ट्रिय कानूनी प्रावधानहरू,
- आर्थिक, सामाजिक तथा साँस्कृतिकरुपमा पिछडिएका वर्गको शिक्षाको अधिकारसँग सम्बन्धित न्यायिक निर्णय तथा आदेशहरू,
- आर्थिक, सामाजिक तथा साँस्कृतिकरुपमा पिछडिएका वर्गको शिक्षाको अधिकारसँग सम्बन्धित राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरू,
- राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक, सामाजिक तथा साँस्कृतिकरुपमा पिछडिएका वर्गको शिक्षाका अधिकार संरक्षण र सम्बर्द्धनलागि नेपाल सरकारसमक्ष पेश गर्नुपर्ने सुझाव तथा सिफारिसहरू,

३. माथि उल्लेख भएबमोजिम प्राप्त आवेदनहरू उपर छनौट गरी अन्तिम निर्णय गर्ने अधिकार आयोगमा निहित रहेको छ ।

४. दुइपक्ष बीचको सम्झौता अनुसार विशेषज्ञ सेवाको लागि पारिश्रमिक उपलब्ध गराइनेछ । यस्तो पारिश्रमिकमा प्रचलित कानुनबमोजिम लाग्ने कर कट्टि हुनेछ ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org

website www.nhrcnepal.org